# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, चैत १७ गते, २०८१ साल (अतिरिक्ताङ्क ३४

## भाग १

गण्डकी प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारण सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८१ सालको ऐन नं. ०६

**गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावना:** गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "गण्डकी प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ मा दफा १५क. थपः</u>** गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १५ पछि देहायको दफा १५क. थपिएको छः-

"**१५क. <u>अस्थायी नियुक्ति सम्बन्धी व्यवस्थाः</u>** (१) आयोगले आफूले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारहरू मध्येबाट अस्थायी नियुक्ति गर्ने प्रयोजनको लागि छुट्टै योग्यताक्रम अनुसारको सूची प्रकाशन गर्नेछ।

(२) प्रदेश निजामती सेवाको कुनै रिक्त पदमा अस्थायी नियुक्ति गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालयले आयोगमा लेखी पठाउनुपर्नेछ। यसरी अस्थायी नियुक्तिका लागि उम्मेद्वार माग गर्दा रिक्त पदमा स्थायी पदपूर्तिको लागि दफा १२ बमोजिम रीतपूर्वकको माग आकृति फाराम समेत भरी अनिवार्य रुपमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा आयोगले योग्यताक्रमको सूचीमा रहेका व्यक्तिलाई सम्बन्धित मन्त्रालयको मागको आधारमा अस्थायी नियुक्ति गर्न नाम सिफारिस गरी पठाउनेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका व्यक्तिलाई बढीमा छ महिनासम्मको लागि सम्बन्धित मन्त्रालयले अस्थायी नियुक्ति गर्नेछ।

तर, उपदफा (१) बमोजिमको अस्थायी योग्यताक्रम सूचीबाट नपुग हुने भएमा वा अस्थायी योग्यताक्रम सूची प्रकाशन नभएको व्यहोरा आयोगबाट लेखी आएको अवस्थामा प्रदेश इन्जिनियरिङ्ग सेवा र प्रदेश कृषि सेवाको हकमा रिक्त दरबन्दीमा स्थायी पदपूर्ति नहुँदासम्म यस उपदफा बमोजिम सम्बन्धित

मन्त्रालयले प्रतिष्पर्धात्मक विधिबाट छनौट गरी एक पटकमा छ महिनासम्मको लागि अस्थायी नियुक्ति गर्न बाधा पर्ने छैन।

(५) यस दफा विपरीत कसैले नियुक्ति गरेमा त्यस्तो नियुक्ति भएको निजामती कर्मचारीले खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असूलउपर गरिनेछ।"

आज्ञाले,
बाबुराम गौतम
प्रदेश सरकारको सचिव ।

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । मूल्य रु. १०।-